आज मिति २०८२/०१/१७ गते मंगलबारका दिन विहान ८:३० बजे शान्तिनगर गाँउपालिकाका अध्यक्ष श्री प्रमोद बस्नेतको अध्यक्षता एवं तपशिलका सदस्यहरुको उपस्थितिमा अध्यक्षको कार्यकक्षमा गाउँ कार्यपालिकाको आ.व. २०८१।०८२ को ११ औं बैठक बसी देहायका प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

उपस्थिति:

| दस्तखत | सि.नं. | पद | पदाधिकारीको नाम, थर | |
|---|---|---|---|---|
| (हस्ताक्षर) | १ | अध्यक्ष | श्री प्रमोद बस्नेत | गाउँपालिका अध्यक्ष |
| | २ | उपाध्यक्ष | श्री प्रेमाकुमारी बुढाथोकी | गाउँपालिका उपाध्यक्ष |
| (हस्ताक्षर) | ३ | सदस्य | श्री जंग बहादुर पुन | १ नं. वडा अध्यक्ष |
| (हस्ताक्षर) | ४ | सदस्य | श्री सुनिल ओली | २ नं. वडा अध्यक्ष |
| (हस्ताक्षर) | ५ | सदस्य | श्री मिन बहादुर के. सी. | ३ नं. वडा अध्यक्ष |
| (हस्ताक्षर) | ६ | सदस्य | श्री गोमान बहादुर वली | ४ नं. वडा अध्यक्ष |
| (हस्ताक्षर) | ७ | सदस्य | श्री ओपेन्द्रबहादुर रावत | ५ नं. वडा अध्यक्ष |
| (हस्ताक्षर) | ८ | सदस्य | श्री शेर बहादुर भण्डारी | ६ नं. वडा अध्यक्ष |
| (हस्ताक्षर) | ९ | सदस्य | श्री तारा बहादुर वली | ७ नं. वडा अध्यक्ष |
| (हस्ताक्षर) | १० | सदस्य | श्री मीना न्यौपाने | २ नं. वडा सदस्य |
| (हस्ताक्षर) | ११ | सदस्य | श्री पार्वती घर्ती | ३ नं. वडा सदस्य |
| (हस्ताक्षर) | १२ | सदस्य | श्री रञ्जिता बोहोरा | ४ नं. वडा सदस्य |
| (हस्ताक्षर) | १३ | सदस्य | श्री राजकुमारी चौधरी | ५ नं. वडा सदस्य |
| | १४ | सदस्य | श्री सदिक्षा चुनारा | कार्यपालिका सदस्य (४ नं वडा) |
| (हस्ताक्षर) | १५ | सदस्य | श्री झुपलाल नेपाली | कार्यपालिका सदस्य (७ नं वडा) |
| (हस्ताक्षर) | १६ | सचिव | श्री भेषराज चन्द | प्रमुख प्रशासकीय अधिकृत |
| | | | | |
| सहयोगी कर्मचारी | | | | |
| (हस्ताक्षर) | १ | सचिवालय सहयोगी (प्रशासन अधिकृत) | श्री कृष्ण कुमार कँडेल | शान्तिनगर गाँउपालिका |
| (हस्ताक्षर) | २ | का स | श्री शिवप्रसाद ओली | शान्तिनगर गाउँपालिका |

मिति २०८२।०१।१७ गतेको गाउँकार्यपालिकाको बैठकमा शान्तिनगर गाउँ कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को दफा ८ (३) र ९ (१) बमोजिम प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्तुत गरिएका प्रस्तावहरु:

१. फुसको छानाको रकम भुक्तानी गर्ने सम्बन्धमा ।
२. सार्वजनिक जग्गा संरक्षण गर्ने सम्बन्धमा ।
३. अस्थायी प्रहरी चौकी स्थापनाको माग गर्ने सम्बन्धमा ।
४. व्यवसाय दर्ताको काम वडाबाट गर्ने सम्बन्धमा ।
५. कार्यक्रम सञ्चालनको लागि हेफर संस्थालाई पेश्की दिने सम्बन्धमा ।
६. स्वास्थ्य तर्फकव मेसिनरी सामाग्री खरिद सम्बन्धमा ।
७. संस्थागत विद्यालयको कक्षा थप सम्बन्धमा ।
८. कृषि यान्त्रिकरण तथा मौरी प्रवर्द्धन कार्यक्रम सञ्चालन सम्बन्धमा ।
९. विविध.

CamScanner

**मिति २०८२/०१/१७ गते बसेको गाउँ कार्यपालिकाको ११औं बैठकका निर्णयहरु**

**निर्णय नं. १**

आ व २०८०।०८१ को संघीय विषेश अनुदान कार्यक्रम अनुसार यस गाउँपालिकाबाट फुसको छाना विस्थापित गरी टिनको छाना वितरण गर्ने कार्यक्रम अनुसार छनौट भई सम्झौता भएका लाभग्राहीलाई रकम भुक्तानी दिने सम्बन्धमा मिति २०८१।१२।२२ को अध्यक्षस्तरीय निर्णयबाट गठन भएको अध्ययन समितिलाई अनुमोदन गरी उक्त समितिले दिएको प्रतिवेदन बमोजिम संझौतामा उल्लिखित रकम बराबरको काम लाभग्राहीबाट सम्पन्न भएको प्राविधिक मुल्याङ्कनबाट देखिन आएमा सो बराबरको रकम शान्तिनगर गाउँपालिकाको सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि २०८१ को अधिनमा रही भुक्तानी गर्ने ।

**निर्णय नं. २**

क.यस गाउँपालिकाको आ व २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रममा विभिन्न समूहका लागि भवन निर्माण गर्न बजेट विनियोजन गरिएकोमा समूहको नाममा दर्ता स्रेष्ता भएको तथा भोगाधिकार प्राप्त जग्गा नभएकोले ऐलानी प्रति जग्गामा भवन निर्माणको लागि विभिन्न वडा कार्यालयबाट सिफारिस सहित लेखी आएको सन्दर्भमाः, हाल सार्वजनिक तथा ऐलानी जग्गा अतिक्रमण भएको अवस्थामा त्यस्ता सार्वजनिक तथा ऐलानी पर्ती जग्गाहरुमा साना तथा मझौला भवन निर्माण गर्दा जग्गाको संरक्षण पनि हुने भएकोले देहायको विवरण भएको स्थानका जग्गामा भवन निर्माण गरी बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने।

| सि नं | समूहको नाम | प्रयोजन | स्थान | चारकिल्ला र क्षेत्रफल | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १ | दलित भवन निर्माण समिति शान्तिनगर-१ नयाँवस्ती | सार्वजनिक | बाघमारे १ख | पूर्वः<br>पश्चिमः<br>उत्तरः कि नं. २५९, ८३८ र २८४<br>दक्षिणः | लम्बाईः<br>चौडाईः<br>क्षेत्रफलः |
| २ | नवजागरण थारु समुदाय शान्तिनगर-२ | सार्वजनिक | बाघमारे ४च कि. नं. ६५ | पूर्वः कि.नं. ३०० <br>पश्चिमः कि.नं. २५६, २५७ र २५८<br>उत्तरः<br>दक्षिणः | लम्बाईः<br>चौडाईः<br>क्षेत्रफलः |
| ३ | कोर्वाङ चौधरी गाउँमा महिला भवन शान्तिनगर-६ कोर्वाङ | सार्वजनिक | धनौरी ४घ | पूर्वः<br>पश्चिमः<br>उत्तरः<br>दक्षिणः | लम्बाईः<br>चौडाईः<br>क्षेत्रफलः |
| ४ | वडा नं ६ को पहाडीपुरमा महिला भवन शान्तिनगर-६ पहाडीपुर | सार्वजनिक | धनौरी १च | पूर्वः<br>पश्चिमः कि नं २४ र २६<br>उत्तरः<br>दक्षिणः | लम्बाईः<br>चौडाईः<br>क्षेत्रफलः |

ख. सहरी विकास तथा भवन कार्यालय घोराही दाङबाट आ व २०८१।०८२ मा कार्यान्वयन हुने शिव प्रा वि रातीपोखरी शान्तिनगर-२ दाङको लागि लुम्बिनी प्रदेश सरकारबाट विद्यालय भवन निर्माणको लागि बजेट विनियोजन भएकोमा उक्त विद्यालयको आफ्नै स्वामित्वमा जग्गा नभएको तर विद्यालयलाई भवन आवश्यक परेको हुँदा बाघमारे-४ख कि नं ३९३ को ऐलानी पर्ती जग्गा मध्येबाट ११ मि लम्बाई ९ मिटर चौडाई भएको दुई कोठाको भवन निर्माण गर्दा उक्त जग्गाको संरक्षण र उपयोग पनि हुने भएकोले उक्त जग्गामा भवन निर्माणका लागि श्री सहरी विकास तथा भवन कार्यालय दाङमा सिफारिस गरी पठाउने ।

प्रशासकीय अधिकृत

प्रमोद बस्नेत
अध्यक्ष

CamScanner

**निर्णय नं.-३**

शान्तिनगर गाउँपालका वडा नं ४ को चिराघाटमा एउटा मात्र प्रहरी चौकी रहेकोमा हाल जनसंख्याको बृद्धिसंगै शान्ति सुरक्षाको आवश्यक्ता पनि बढ्दै गएको सन्दर्भमा; चिराघाटमा रहेको प्रहरी चौकीबाट सेवा लिन र दिन यस गाउँपालिकाको १,२,३ र ४ नं वडाका नागरिकहरुलाई पायक पर्ने र वडा नं ५,६ र ७ नं वडाका नागरिकहरुका लागि पायक पर्ने गरी ५ नं वडाको रगैचामा पनि प्रहरी चौकी स्थापना गर्न आवश्यक देखिएकोले सम्बन्धित निकायमा अनुरोध गर्ने निर्णय गरियो।

**निर्णय नं. ४**

यस गाउँपालिकाभित्र व्यवसाय सञ्चालन गर्दा गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता गरी सञ्चालन गर्नु पर्ने शान्तिनगर गाउँपालिकाको व्यवसाय दर्ता सम्बन्धी कार्यविधि २०७८ मा व्यवस्था भए बमोजिम हालसम्म कार्यपालिकाको कार्यालयबाट दर्ता हुँदै आएकोमा २०८२ श्रावण महिनादेखि व्यवसाय दर्ता र व्यवसाय सूचिकरणको काम सम्बन्धित वडा कार्यालयबाट सञ्चालन गर्ने र सोको लागि वडा सचिवहरुलाई अनुशिक्षण लगायत पूर्वाधारका कार्यहरु कार्यालयबाट श्रावण अगावै गरिसक्ने।

**निर्णय नं. ५**

लक्षित परिवारको वार्षिक आम्दानीमा वृद्धि तथा रोजगार सिर्जना गरी जीविकोपार्जनमा सुधार गर्न यस गाउँपालिका र हेफर परियोजना नेपाल बीच कृषि तथा पशु विकासमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता साझेदारी परियोजना सञ्चालनका सम्बन्धमा मिति २०८०।११।१७ मा भएको सम्झौता अनुसार कार्यक्रम सञ्चालन गर्नको लागि पेश्की रकम उपलब्ध गराउन परियोजना अनुगमन तथा समन्वय समितिबाट सिफारिस भै आएकाले सम्झौताको बुँदा नं ७.२.२ बमोजिम यस आ.व. को दोस्रो किस्ताको रु ३५ लाख रकम पेश्की उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं. ६**

चालु आ व २०८१०।०८२ का लागि शान्तिनगर गाउँपालिका वडा नं २ को स्वीकृत "जेष्ठ नागरिक कार्यक्रम"मा विनियोजन भएको ३,००,०००। (तीन लाख मात्र) बाट ६० वर्षभन्दा माथिका दीर्घ रोगी नागरिकहरुका लागि औषधि खरिद गर्ने भनि वडा समितिबाट निर्णय भई ७२ प्रकारका औषधिको सूचि सहित खरिदको प्रक्रिया अघि बढाई दिन २ नं वडा कार्यालयको च. नं. ६४६ मिति २०८१।८।१८को पत्रबाट सिफारिस भई आएकोले स्वास्थ्य शिविर लगायतका कार्यक्रममा सदुपयोग हुने गरी सोही वडाको विनियोजित बजेटबाट प्रस्ताव गरिएका औषधीहरु खरिद गर्ने।

**निर्णय नं. ७**

शान्तिनगर गाउँपालिका गाउँ शिक्षा समितिको मिति २०८१।११।१२ गते बसेको बैठकको निर्णयबाट यस गाउँपालिका अन्तर्गत देहायका संस्थागत विद्यालयहरुलाई शैक्षिक सत्र २०८२ देखि लागू हुने गरी कक्षा थप गर्ने अनुमती उपलब्ध गराउन सिफारिससाथ पेश भए बमोजिम कक्षा थपका लागि अनुमति दिने।

| सि. नं. | विद्यालयको नाम, ठेगाना | साविक सञ्चालन भएको कक्षा | हाल अनुमति दिई थप गरिएको कक्षा | कैफियत |
|---|---|---|---|---|
| १ | चिल्ड्रेन फ्युचर एकाडेमी, शान्तिनगर-६ सुनडबरी दाङ। | २ (शै.स. २०८१ मा) | ३ (तीन) | |
| २ | राप्ती पब्लिक ईङ्लिस बोर्डिङ स्कूल, शान्तिनगर-२ सिमसुन्दरपुर दाङ। | ९ (शै.स. २०८१ मा) | १० (दश) | |

प्रमुख प्रशासकीय अधिकृत

प्रमोद बस्नेत
अध्यक्ष

**निर्णय नं. ८**

लुम्विनि प्रदेशको आ ब २०८१/०८२ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार यस गाउँपालिकामा हस्तान्तरित कृषि यान्त्रिकरण प्रबर्द्धन कार्यक्रम र मौरी प्रबर्द्धन कार्यक्रम संचालन गर्नको लागि जिल्ला दररेट निर्धारण समितिले चालु आ ब २०८१/०८२ को लागि स्वीकृत गरेको दररेटलाई आधार मान्ने र उक्त दररेटमा कृषि यान्त्रिकरणको दररेट व्यवस्था भएको नदेखिएकोले कार्यालयबाट तयार गरी पेश गरिएको देहायको दररेट स्वीकृत गरी लागू गर्ने । लुम्बिनी प्रदेशको स्थानीय तहमा ससर्त वित्तिय हस्तान्तरित कृषि तथा पशुपंक्षि विकास संचालन कार्यक्रम कार्यविधि २०८१ अनुसार लाभग्रहीलाई अनुदान उपलब्ध गराउँदा वडा कार्यालयले छनौट गरी सिफारिस गरेका लाभग्राहीसंग कार्यालयबाट सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने । आ व २०८१।०८२ मा गाउँपालिकाको स्वीकृत साना कृषि औजार उपकरण ५० प्रतिशतमा वितरण कार्यक्रम समेत कृषि तथा पशुपंक्षि विकास संचालन कार्यक्रम कार्यविधि २०८१ बमोजिम वडा कार्यालयको सिफारिसमा निवेदन पेश गरेका कृषकहरुसंग कार्यालयले सम्झौता गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

**क.** यस गाउँपालिकाको वडा नं.७ मा रहेको श्री शिवशक्ति मा.वि. धनौरीमा प्राथमिक तह तृतीय श्रेणीमा कार्यरत स्थायी शिक्षक खुमानन्द पौडेलले जबरजस्ती करणी गरेको भनी २०७९/१२/२० गते दाङ जिल्ला अदालतमा अभियोजन दायर भई मिति २०८०/१०/१४ मा सफाई पाउने फैसला भएकोमा पुनः मिति २०८१/०८/१२ गते उच्च अदालत तुलसीपुरमा पुनरावेदन गरेको उक्त मुद्दाको सुरु फैसला सदर हुने गरी सम्मानित उच्च अदालतबाट मिति २०८१/१०/२२ फैसला भई निजले उक्त मुद्दाबाट सफाई पाएकोले निलम्वनमा रहेको अवधिको तलबभत्ता समेत माग गरेकोले शिक्षा नियमावली २०५९ को नियम १४१ (४) को प्रावधान अनुसार निलम्बनमा रहेको अवधि (२०७९ चैत्र २० गते देखि २०८० माघ मसान्त सम्म)को निजले पाउने तलब विद्यालयको खातामा निकासा गरी उपलब्ध गराउने निर्णय गरियो ।

**ख.** शैक्षिक तथा प्रोत्साहन अनुदान रकम निकासा तथा खर्च सम्बन्धी मापदण्ड, २०८२ स्वीकृत गर्ने ।

**निर्णय नं. १०**

भूमि सम्बन्धी समस्या समाधान आयोगको भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने कार्य प्रयोजनार्थ यस गाउँपालिकाले जग्गा नापजाँचको लागि नियन्त्रण विन्दु स्थापना गर्न आ व २०८१।०८२ मा रु ८ लाख बजेट विनियोजन गरेकोमा नियन्त्रण विन्दु स्थापना गरी जग्गा नापजाँच कार्य अघि बढाउँदा समय लाग्ने प्राविधिक रुपमा पनि लागत बढने देखिएकोले पछिल्लो समय नापी विभागको Lidar/Arthophoto Image मार्फत कार्य गराउँदा नापी विभागसंग पनि समन्वय र सहजिकरण हुने हुँदा नापी विभागबाट उल्लेखित Image का लागि लाग्ने रकम नियन्त्रण विन्दु स्थापना गर्न विनियोजित बजेटबाट नापी विभागको खातामा उपलब्ध गराउने ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमोद बस्नेत
अध्यक्ष